बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

# Technical Specifications

**Equipment: Tractor with Hydraulic Trailer** **Quantity: 1 Unit**

| S.N. | CRITERIA | REQUIREMENT | OFFERED SPECIFICATION |
|---|---|---|---|
| 1 | General | **Heavy duty tractor** with Approx. **3.5 cu. m. hydraulic tipping trailer,** made with all steel rectangular body and drop type side cargo deck for transfer of construction material and cargo. Tractor should be suitable for operation in hilly roads and adverse climatic conditions at ambient temperature varying between -5 to 50 degree centigrade. **Gross weight of tractor shall not be less tan 1800 kg.** | Make:<br>Model:<br>Country of Origin:<br>Mfg. Year: |
| 2 | Engine | **4 stroke, 4 cylinder water cooled diesel engine developing maximum output power not less than 45 HP** (engine fully equipped with accessories) at the governed speed for full load operation. Shall be equipped with cold starting device, heavy duty air cleaner, heavy duty fuel filter system, and direct electric starting system with heavy duty batteries. | Make:<br>Model:<br>Power: |
| 3 | Maximum Lifting Capacity | **Not less than 1200 kg** | |
| 4 | Cargo Box & Performance | Rear dump type **standard trailer** body made of all steel material with flat base, reinforced to withstand impact of shovel loading. The both side of the body should also have provision to fold as and when required to load and unload materials from side (drop type side deck).<br>Trailer cargo box Body should be fitted with complete **hydraulic tipping system** for smooth tipping application.<br>Capacity of Trailer box: **Approx 3.5 Cubic meter** | |
| 5 | Size of the Trailer | Approx. Length – 3050 mm<br>Approx. Width – 1850 mm<br>Approx. Height - 620 mm<br>Note: Trailer should be supplied with net(jali) welded 10*5 grill plate on 40*5 angle frame including opening door on back side with painting all completed. opening of net(jali) 2.5"*2.5" and jali size 10' *6'*1.7' | |
| 6 | Emission Standard | The emission standard of the offered vehicle must be in compliance with or superior than the applicable Standard as prescribed by "Nepal Vehicle Mass Emission Standard" which is to be certified by Department of Transport Management. | |
| 7 | Gauges | Gauges or meters as necessary for efficient operation and maintenance. | |
| 8 | Axles | Steel heavy duty I eam | |
| 9 | Transmission | Manual shift at least four forward and one reverse, constant mesh type. | |
| 10 | Steering | **Power steering** | |
| 11 | PTO | Rear Mount **PTO** | |
| 12 | Brakes | Mechanical, dry disc or oil immersed and separate parking brake. | |
| 13 | Clutch | Duel Clutch | |
| 14 | Tyres | Standard Tyre | |

ई. सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

| | | | |
|---|---|---|---|
| 15 | Essential Accessories | Following accessories should be supplied with each equipment<br>a) Head light and turn Signals<br>b) Front and rear tow hooks.<br>c) Heavy duty front bumper.<br>e) Hydraulic jack.<br>Equipped with all accessories offered in standard model but not limited to the above items. | |
| 16 | Paint | Standard Colour | |
| 17 | Instructions | All signs and instructions in the equipment shall be in English. | |
| 18 | Manuals | One copy of the Operator's and Owner's Instructions and Maintenance manual in English shall be supplied with each equipment/vehicle | |
| 19 | Tools | A set of tools as required for general maintenance shall be supplied within a lockable tool box for both tractor and suction machine. | |
| 20 | Proven performance | The machine offered shall be a current model under standard production by the manufacturer for at least one year. | |
| 21 | Warranty | Manufacturer shall provide a **minimum of one year warranty after acceptance on both Tractor and Trailer.** | |
| 22 | Delivery | The Tractor with Hydraulic Trailer shall be delivered to:<br>**Bishrampur Rural Municipality, Office of the Rural Municipality Executive, Bishrampur, Bara, Madesh Province** | |

Note:
The major items are indicated by bold and highlighted letters/alphabets/figures in the technical specifications. Non-compliance of these major items will result in non-responsiveness of the bid offer .

**Bidder's Signature**........................ Date.................................

**Prepared BY:**

Ritesh Kumar Shah
Mechanical Engineer

Ritesh Kumar Shah
Senior Divisional Engineer
NEC No. 602 Mechanical

इ. सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# ताइवानी जलक्षेत्रमा युद्धपोत र आकाशमा चिनियाँ लडाकु विमान

एएफपी

ताइपेई । ताइवानको जल र हवाई क्षेत्रमा सैनिक अभ्यास अन्त्य भएपछि पनि टापु वरपर युद्धपोत र लडाकु विमान मंगलवार पनि तैनाथ गरेको छ ।

मङ्गवार ताइवानको जलक्षेत्रमा नौ वटा चिनियाँ युद्धपोत र हवाई क्षेत्रमा २६ वटा लडाकु विमान देखिएका ताइवानी रक्षा मन्त्रालयले जनाएको छ । स्थानीय समयअनुसार आज विहान ११ बजेसम्म चिनियाँ विमान र युद्धपोत आफ्नो जल र हवाई क्षेत्र वरपर तैनाथ थिए ।



सोमबार तीनदिने सैन्य अभ्यास समाप्त गरेको बेइजिङले आज पनि युद्धपोत र लडाकु विमान आफ्नो वरपरको क्षेत्रमा तैनाथ गरेर युद्धको आभास दिइरहेको छ । ताइवानका राष्ट्रपति साई इङ वेनले क्यालिफोर्नियामा अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले गत शनिबारदेखि सैन्य अभ्यास शुरु गरेको थियो ।

राष्ट्रपति साईले आफ्ना सहयोगीहरूसँगको कूटनीतिक सम्बन्ध सुदृढ तुल्याउने उद्देश्यका साथ ग्वाटेमाला र बेलिजको भ्रमण पूरा गरी स्वदेश फर्कने क्रममा अमेरिकी सभामुखलाई क्यालिफोर्नियामा भेट्नुभएको थियो । गत अगस्टमा तत्कालीन सभामुख न्यान्सी पेलोसीको ताइपेई भ्रमणपछि गरिएको सैन्य अभ्यासभन्दा तुलनात्मक रूपमा पछिल्लो अभ्यास सानो थियो ।

राष्ट्रपति साई र सभामुख म्याकार्थीबीचको कुनै पनि बैठक आफूलाई अमान्य हुने उल्लेख गर्दै चीनले यदि उहाँले भेटवार्ता गरेमा त्यसविरुद्ध लड्न दृढ उपाय अवलम्बन गर्ने चेतावनी दिएको थियो । देशको सार्वभौमसत्ता र अखण्डतालाई कमजोर बनाउने कुनैपनि गतिविधि सह्य नहुने चीनले बताएको थियो । आफ्नै संविधान र सरकार भएको ताइवान एक स्वशासित टापु हो । चीनले यसलाई आफूबाट अलग भएको आफ्नै प्रान्तका रूपमा लिएको छ चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ ।

चीनले हिजो आफ्नो सैन्य अभ्यास सफलतापूर्वक सम्पन्न भएको बताएको थियो । ताइवानी रक्षा मन्त्रालयले हिजो टापु वरपर १२ वटा चिनियाँ युद्धपोत र ९१ वटा विमान तैनाथ गरिएका दाबी गरेको थियो । ताइवानी सेनाले आफ्नो सुदृढीकरणको प्रयासलाई निरन्तरता दिने बताउँदै आएको छ।

सन् १९७९ मा वासिङ्टनले बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गरे पनि ताइपेइको अन्तरराष्ट्रिय सहयोगी एवम् साझेदारका रूपमा वासिङ्टन उभिएको छ। अमेरिका नै ताइवानको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता पनि भएको छ । यस्तो पृष्ठभूमिमा रहेको ताइवान र अमेरिकाबीचको सम्बन्ध अनौपचारिक भए पनि औपचारिक सम्बन्ध जत्तिकै महत्वपूर्ण एवम् अर्थपूर्ण रहेको अमेरिका-ताइवान सम्बन्धबारे अध्ययन गरिरहेका जेम्स लीले बताएका छन्।

# सहिद रत्नकुमार बान्तवा बुद्धिचालको उपाधि बद्रीलाललाई

विराटनगर । सहिद रत्नकुमार बान्तवा दोस्रो राष्ट्रिय खुला फिडे रेटिड बुद्धिचाल प्रतियोगिताको उपाधि बद्रीलाल नेपालीले जितेका छन् ।

मोरङको पथरीशनिश्चरे नगरपालिकामा सोमबार सम्पन्न प्रतियोगितामा एक सय ३६ खेलाडीलाई पछि पार्दै नेपाली उपाधि जित्न सफल भएका हुन् । उपाधिसहित उनले रु ५१ हजार पुरस्कार प्राप्त गरे । फ्रेन्डसीप चेस क्लबले आयोजना गरेको उक्त प्रतियोगितामा काभ्रेपलाञ्चोकका खोमप्रसाद तिम्सिना दोस्रो र झापाका प्रकाशचन्द्र नेपाल तेस्रो भए । तिम्सिनाले रु ३५ हजार र नेपालले रु २५ हजार पुरस्कार प्राप्त गरे । चौथो भएका पुकार राईले रु २० हजार र पाँचौं हुने नवीन तुण्डकारले रु १५ हजार पुरस्कार प्राप्त गरे। पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्वापोलगायतले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा सहभागी ३२ विधातर्फका खेलाडीलाई पुरस्कृत गरिएको थियो ।

पथरीशनिश्चरे नगरपालिकाको सहयोगमा चार दिनसम्म सञ्चालित उक्त प्रतियोगितामा देशभरिका खेलाडी सहभागी थिए। रासस

# जिपी कोइराला हक्की प्रतियोगिताको उपाधि आर्मीलाई

सुन्दरहरैंचा । गिरिजाप्रसाद कोइराला स्मृति चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको उपाधि विभागीय टोली त्रिभुवन आर्मी क्लबले जितेको छ । आर्मीले अर्को विभागी टोली पुलिस क्लबलाई पराजित गरेको हो ।

नेपाल हक्की सङ्घद्वारा आयोजित उक्त प्रतियोगिताको गए राति विराटनगरको सहिद रङ्गशालामा भएको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई १-० गोलअन्तरले हराएको हो। यसअघि आर्मीले प्रतियोगिताको उद्घाटन खेलमा पनि पुलिसलाई पराजित गरेको थियो । आर्मी क्लब प्रतियोगिताको साविकको विजेता हो।

खेलको ४१औं मिनेटमा आर्मीका लागि काशीराज राईले गरेको गोल नै निर्णायक बन्यो । म्यान अफ द म्याच आर्मीकै नितिज न्यौपाने घोषित भए । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक पुलिसका हरिदत्त पाण्डे, उदीयमान खेलाडी सुदूरपश्चिम प्रदेशका महेश नेपाली, सर्वाधिक गोलकर्ता आर्मीका रोमन राना, उत्कृष्ट डिफेन्डर पुलिसका योगेश बारघरे र सर्वोत्कृष्ट खेलाडी आर्मीका नितिश न्यौपाने घोषित भए ।

पुरस्कार वितरण समारोहका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विराटनगरमा दक्षिण एसियाली महिला हक्की प्रतियोगिता आयोजना गर्न आवश्यक सहयोग गर्ने बताउनुभयो । उहाँले हक्कीका लागि आवश्यक पर्ने जग्गा जोहो गरेर प्रदेश सरकारले अन्तर राष्ट्रियस्तरको रङ्गशाला निर्माण गरी यस खेलमा युवापुस्तालाई आकर्षण बढाउन जरुरी रहेको उल्लेख गर्नुभयो ।

प्रदेशका सामाजिक विकास मन्त्री बुद्धिकुमार राजभण्डारी, हक्की सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलप्रसाद शर्मा, नेपाली काङ्ग्रेसकी केन्द्रीय सदस्या डा डिला सङ्ग्रौला, प्रतियोगिताका संयोजक रञ्जन थापा, नेपाल हक्की सङ्घ मोरङका अध्यक्ष राजेश गुप्ता, विराट गोल्डकप ट्रष्टका अध्यक्ष सन्तोष बानियाँलगायतले खेलाडीलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

प्रतियोगिताको उपाधि विजेता आर्मीले रु ७५ हजार र उपविजेता नेपाल पुलिस क्लबले रु ४१ हजारका साथै ट्रफी प्राप्त गरेको छ । त्यस्तै मधेस प्रदेशलाई पराजित गर्दै तेस्रो स्थान बनाएको सुदूरपश्चिम प्रदेशले रु २५ हजार प्राप्त गरेको छ। यही चैत २२ गतेदेखि भएको सो प्रतियोगितामा आर्मी, पुलिस, कोशी प्रदेश, मधेस प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो। रासस

# कटु आलोचनाका बीच फिलिपिन्स र अमेरिकाको संयुक्त सैन्य अभ्यास शुरु



सिन्ह्वा

मनिला । कटु आलोचनाका बीच फिलिपिन्स र संयुक्त राज्य अमेरिकाले बृहत् संयुक्त सैन्य अभ्यास शुरु गरेका छन् । सुरक्षा विश्लेषकहरूका अनुसार यो अभ्यास एक दशक यताकै सबैभन्दा बृहत् हो ।

संयुक्त सैन्य अभ्यास र गतिविधिले यस क्षेत्रमा शान्ति र स्थायित्वको सट्टा तनाव बढाएको विश्लेषकहरूले बताएका छन् । बालिकाटन नामको १८ दिने उक्त अभ्यासमा पाँच हजार चार सय जना फिलिपिन्सका तथा १२ हजार दुई सय जना अमेरिकी सैनिक सहभागी रहेको फिलिपिन्सको सेनाले जनाएको छ । सैन्य अभ्यासमा अष्ट्रेलियाको सशस्त्र सेनाबाट एक सय जना सदस्य तथा जापान, बेलायतलगायत दर्जनौं देशले पर्यवेक्षकका रूपमा भाग लिएका छन् ।

'बालिकाटन २०२३' उत्तरी लुजोन टापु, पलावान प्रान्त, बाटानेस टापु र जाम्बालेस प्रान्तलगायत धेरै स्थानमा आयोजना हुनेछ । उक्त अभ्यास सामुद्रिक सुरक्षा, 'साइबर डिफेन्स', प्रतिआतङ्कवाद, मानवीय सहायता, प्रकोप व्यवस्थापन तथा उद्धारमा केन्द्रित हुनेछ । अभ्यासका क्रममा फिलिपिन्स र अमेरिकी सेनाले हाइ मोबिलिटी आर्टिलरी रकेट सिस्टमसहित अत्याधुनिक हतियार प्रणालीलाई पनि सक्रिय पार्नेछन् ।

यसैबीच, लिगअफ फिलिपिनो स्टुडेन्ट्सले उक्त अभ्यासको विरोध गरेको छ । सैन्य अभ्यास औपचारिक रूपमा प्रारम्भ हुनु केहीबेर अघि उक्त सङ्गठनका सदस्यले विरोधप्रदर्शन गरेका थिए ।

विरोधका क्रममा उनीहरूले फिलिपिन्स सरकारलाई अमेरिकासँगको सैन्य सम्झौता खारेज गर्न माग पनि गरेका थिए।

प्रदर्शनकारी सैन्य अभ्यासको निन्दा गरिएका प्लेकार्ड र ब्यानर बोकेका थिए।साथै उनीहरूले फिलिपिन्सका नागरिकहरूलाई उक्त अभ्यासको विरोध गर्न आह्वान पनि गरेका थिए। केही प्रदर्शनकारीले यहाँस्थित अमेरिकी राजदूतावास बाहिर रहेको अमेरिकाको प्रतीक चिह्नमा रङ्ले भरिएका औजारबाट प्रहार गरी प्रतीक चिह्नलाई विकृत पारेका थिए । अभ्यासको औपचारिक कार्यक्रम भइरहेका बेला सैनिक मुख्यालय र अन्य सैनिक क्याम्पका गेटमा अर्काथरि प्रदर्शनकारीले अभ्यासको विरोध गरेका थिए ।

यहाँस्थित विद्वत् वर्गको समूह एसियन सेन्चुरी फिलिपिन्स स्ट्राटेजिक स्टडीज इन्स्टिच्युटका उपाध्यक्ष अन्ना मालिन्डोग उयले बालिकाटन अभ्यासबाट दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) क्षेत्र र विशाल एसिया-प्रशान्त क्षेत्रमा अस्थिरता सृजना गर्ने टिप्पणी गरेका छन् । उनले अमेरिकालाई हतियारमा खर्च गर्नुको सट्टा यस क्षेत्रका देशलाई आर्थिक सहयोग गर्न सुझाएका छन् ।

# आतङ्कवादीसँगको झडपमा चार जना प्रहरी मारिए

सिन्ह्वा

इस्लामावाद । दक्षिण पश्चिम पाकिस्तानमा आतङ्कवादीसँगको झडपमा चार जना प्रहरीको मृत्यु भएको छ । बलुचिस्तान प्रान्तमा आतङ्कवादीसँग आज विहान भएको झडपमा चार जना प्रहरीले ज्यान गुमाएका कानुन कार्यान्वयन निकायले जनाएका छन् ।

प्रान्तीय राजधानी क्वेटामा आतङ्कवादीहरूबारे गुप्तचर सूचना पाएपछि खोजी अभियान चलाइरहेका क्वेटा दुई पक्षबीच गोली हानाहान भएको थियो । त्यसक्रममा दुई प्रहरीको घटनास्थलमै मृत्यु भएको तथा अन्य दुई जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले विद्रोहीतर्फ भएको क्षतिबारे जानकारी दिएको छैन ।

सोमबार सोही शहरमा भएका दुई वटा विष्फोटमा चार जनाको ज्यान गएको र १९ जना घाइते भएपछि प्रहरीले आतङ्कवादीविरुद्ध खोजी अभियान थालेको थियो । आतङ्कवादीले प्रहरीका सवारी साधनलाई लक्ष्य गरी बम विछ्याएका थिए । उक्त घटनामा घाइते भएकामा अधिकांश सर्वसाधारण पैदलयात्री छन् । आक्रमणमो जिम्मेवारी प्रतिबन्धितत बलुचिस्तान लिबरेशन आर्मीले लिएको छ ।

# एक सय युक्रेनी युद्धबन्दी रिहा

सिन्ह्वा

किएभ । युक्रेन र रूसले युद्धबन्दी आदानप्रदान गरेका छन्। रूससँगको युद्धबन्दी आदानप्रदान सम्झौताअन्तर्गत सोमबार एक सय युक्रेनी बन्दी रिहा भएका हुन् । रूससँगको पछिल्लो कैदी आदानप्रदानमा २० महिलासहित एक सय युक्रेनी बन्दी रिहा भएका युक्रेनी अधिकारीहरूले बताएका छन् ।

रूसबाट रिहा भएकाहरूमा युक्रेनी सेनाका जवान, राष्ट्रिय गार्ड र नौसेनाका जवान र सीमा सुरक्षा बलका सदस्य रहेका युक्रेनी राष्ट्रपतिको कार्यालयका प्रमुख एन्ड्री येर्माकले बताएका छन् । रिहा भएकामध्ये केही घाइते तथा केही गम्भीर बिरामी छन् । कैदी आदानप्रदान सम्झौताअन्तर्गत युक्रेनले रिहा गरेका रूसी सेनाको सङ्ख्या बारेमा उनले कुनै विवरण दिएका छैनन् ।

यसैबीच, युद्धबन्दीको उपचारका निम्ति समन्वय गर्ने युक्रेनी कार्यालयले गम्भीर घाइते भएका पाँच जना रूसी सैनिकलाई रूससमक्ष हस्तान्तरण गरेको छ । किएभले उनीहरूलाई जेनेभा अभिसन्धिअनुसार रूसलाई हस्तान्तरण गरेको हो । मार्च २०२२ देखि रूससँगको बन्दी आदानप्रदानअन्तर्गत हालसम्म दुई हजारभन्दा बढी युक्रेनी मुक्त भएका छन्।

# पोर्चुगलको राष्ट्रिय क्रिकेट टिममा सुमन



टुडे समाचारदाता

काठमाण्डु । पोर्चुगलको राष्ट्रिय क्रिकेट टिमले अहिले जिब्राल्टरसँग तीन खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज खेलिरहेको छ। सोमबार भएको पहिलो खेलमा पोर्चुगलले १२४ रनको जित निकाल्यो ।

सिरिजका लागि घोषणा गरिएको पोर्चुगलको टिममा एसियन र अफ्रिकी मूलका खेलाडीको बाहुल्यता छ। पोर्चुगलको टिममा नेपाली मूलका सुमन घिमिरे पनि छन् ।

यही महिना मात्र पोर्चुगलको टिममा परेका घिमिरेले सोमबार भएको खेलमा भने मौका पाएनन्। २४ वर्षीय अलराउन्डर घिमिरे बेन्चमा सीमित बनेका थिए ।

पोखराका घिमिरे नेपालको यू-१६ टिमको बन्द प्रशिक्षणमा परिसकेका खेलाडी हुन्। उनी २०७१ सालमा नेपालको यू-१६ टिमको बन्द प्रशिक्षणमा परेका थिए। स्कुले जीवनदेखि क्रिकेट खेल्न थालेका घिमिरे मलेसियामा आयोजना भएको एसिसी यू-१६ प्रिमियर कपका लागि नेपालको राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा परेका थिए। तर उनले टिममा अवसर भने पाएनन् ।

त्यसपछि उनी नेपालको यू-१९ टिमको बन्द प्रशिक्षणमा पनि बोलाइए। तर टिममा परेनन्। गण्डकीबाट यू-१९ राष्ट्रिय प्रतियोगिता खेलेका उनले खेलमा आफ्नो भविष्य सुनिश्चित देखेनन् ।

'यू-१९ टिमको क्याम्पमा पनि परें। नेपालबाट खेल्ने इच्छा थियो। तर त्यो रहर पूरा हुन सकेन,' घिमिरेले सेतोपाटीसँग भने, 'उमेर बढ्दै गएपछि खेलबाट भन्दा अरू क्षेत्रबाट आफ्नो भविष्य बनाउनतर्फ सोचें। खेल छाडेर बाहिर देश जान्छु भन्ने लाग्यो। सुरुमा लाटि्भया विद्यार्थी भिसामा गएँ। चार वर्षअघि पोर्चुगल आएँ ।'

सुरुमा उनलाई पोर्चुगलमा पनि क्रिकेट खेलिन्छ भन्ने थाहा थिएन। एकदिन उनले त्यहाँ क्रिकेट खेलिरहेका मधुकर थापालाई भेटे । 'मधु दाइले स्थानीय टिमबाट खेल्न बोलाउनुभयो। खेल्दा जाँदा राम्रो प्रदर्शन गर्न सफल भएँ,' उनी भन्छन् ।

तीन वर्ष पोर्चुगलमा खेलेपछि मात्र राष्ट्रिय टिममा राख्न पाइने नियम छ। त्यही भएर घिमिरे यही महिना मात्र त्यहाँको राष्ट्रिय टिममा पर्न योग्य भए। त्यहाँको संघले पनि उनलाई राष्ट्रिय टिममा छनोट गर्‍यो ।

उनी पोर्चुगलमा गोर्खा-११ बाट युरोपयन क्रिकेट सिरिजअन्तर्गत क्लबस्तरीय टी-२० र टी-१० का लिगहरू खेल्छन् ।

'नेपालबाट एकपटक खेल्ने पहिलेदेखि नै सपना थियो। तर यहाँ आएर जिरोबाट सुरु गर्दै टिममा परेको छु, यसलाई निरन्तरता दिन चाहान्छु,' उनी भन्छन् ।

# खेलौना ठानेर बम खेलाउँदा...

अफगानिस्तान । देशको पूर्वी प्रान्त घाज्नीको नाहुर जिल्लास्थित बोर्जगी गाउँका केही बालबालिकाले खेलौनाजस्तो एउटा यन्त्र भेटेर त्यसैसँग खेल्दा दुई जना बालबालिकाको मृत्यु भएको छ ।

सोमबार दिउँसो बालबालिकाको एउटा समूहले गाउँमा खेलौनाजस्तो एउटा यन्त्र फेला पारेका थिए । केटाकेटी त्यसैसँग खेलिरहँदा त्यो यन्त्र अचानक विष्फोट हुँदा ती बालबालिकाले ज्यान गुमाएका राज्य सञ्चालित बख्तर समाचार समितिले आज जनाएको छ। दुवै बालबालिकाको घटनास्थलमा नै ज्यान गएको सुरक्षाकर्मीलाई उद्धृत गर्दै उक्त समाचार समितिले जनाएको छ ।

गत आइतबार घाज्नीको छिमेकी कान्दाहार प्रान्तमा यस्तै प्रकृतिको विष्फोट हुँदा एक जना बालकको मृत्यु भएको थियो भने अर्का एक जना घाइते भएका थिए । चार दशक लामो युद्ध र गृहयुद्धले तहसनहस भएको अफगानिस्तानमा विद्रोहीले बिछ्याएका बम विष्फोटमा परी प्रत्येक महिना दर्जनौंले ज्यान गुमाउँदै आएका छन् । बम विष्फोटका यस्ता घटनामा विशेष गरी बालबालिका पर्ने गरेका छन् । रासस

# जलवायु परियोजनामा सामेल हुने चवालीस देशको चाहना

सिन्ह्वा

वासिङ्टन । अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)का प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले जलवायु परिवर्तनसम्बन्धी आईएमएफको ४० अर्ब अमेरिकी डलरको रिजिलेन्स एण्ड सस्टेनेबिलिटी ट्रष्ट९आरएसटी०का परियोजनामा सहभागी हुने चाहना विश्वका ४४ देशले गरेका बताउनुभएको छ ।

एक वर्षअघि स्थापना भएको आरएसटीले कम आय भएका तथा कमजोर मध्यम आय भएका देशलाई आर्थिक सहयोग प्रदान गरी जलवायु परिवर्तनजस्ता प्रणालीगत जोखिम सामना गर्दै दिगो आर्थिक नीति प्रवर्द्धनको लक्ष्य लिएको छ । आरएसटीले मानव सृजित हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा झार्न निर्धन देशका निम्ति सहयोगको उक्त कोष स्थापना गरेको हो ।

प्रबन्ध निर्देशक जर्जिएभाका अनुसार रुवाण्डा, बार्बाडोस, कोस्टारिका, बङ्गलादेश र जमैकाले कोषबाट सहयोग प्राप्त गर्न सम्झौता गरेका छन् ।

उदीयमान बजार र अर्थतन्त्रमा निजी लगानीका अवरोध हटाउन मद्दत गर्ने उक्त कोष आफैमा जलवायु सङ्कट समाधान नभए पनि त्यसले केही योगदान गर्ने उहाँले बताउनुभएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न हुने सङ्कट नियन्त्रण गर्न धेरै काम गर्न बाँकी रहेको बताउँदै प्रबन्ध निर्देशक जर्जिएभाले नीति, लगानी र वित्तीय सहायता अत्यावश्यक भएकामा जोड दिनुभयो ।

उहाँले जलवायु चुनौतीलाई अवसरमा परिणत गर्न बहुपक्षीय संस्था, राष्ट्रिय अधिकारी र निजीक्षेत्रबीच सहकार्य हुनुपर्ने बताउनुभयो । नवीकरणीय ऊर्जाको उपयोग बढाउने तथा जलवायु सङ्कटबारे सर्वसाधारणको चेतना अभिवृद्धि पनि उत्तिकै महत्वपूर्ण भएको उहाँले बताउनुभयो ।

# च्याम्पियन्स लिगमा म्यानचेस्टर सिटी र बायर्न म्युनिख भिड्दै

एजेन्सी

काठमाण्डु।युरोपियनच्याम्पियन्स लिगअन्तर्गत क्वार्टरफाइनलको पहिलो लेगमा आज राति इंग्लिस क्लब म्यानचेस्टर सिटी र जर्मन क्लब बायर्न म्युनिखबीच प्रतिस्पर्धा हुँदैछ ।

सिटीको मैदानमा हुने खेल नेपाली समयअनुसार राति १२:४५ बजे सुरु हुनेछ। मंगलबारनै अर्को खेलमा बेन्फिका र इन्टर मिलानबीच खेल भएको थियो ।

प्रशिक्षक पेप ग्वार्डिओला सिटीलाई पहिलो च्याम्पियन्स लिगको उपाधि जिताउने अभियानमा छन्। बायर्न उनको पूर्व क्लब हो। उनले २०१३ देखि २०१३ सम्म बायर्नको व्यवस्थापन गरे, लगातार तीन पटक बुन्डेसलिगा जिताए। तर च्याम्पियन्स लिगमा सफल हुन सकेनन् । दुई टिमबीच सातौं भिडन्त हो। यसअघि दुवै टिमले तीन तीन खेलम जित हात पारेका थिए। आफ्नो पछिल्ला पाँच खेलको कुरा गर्ने हो भने सिटीले पाँचै खेलमा जित हात पारेको छ। बायर्न भने आफ्ना पछिल्ला पाँच खेल मध्ये तीन खेलमा जित निकाल्दा दुई खेलमा पराजित भएको छ ।

CamScanner

# अपहरण गरी कागजमा सहीछाप गराएको खुलासा

ओम प्रकाश यादव



गरुडा । रौतहटमा अज्ञात समूहले एक जनालाई अपहरण गरी कागजमा सहीछाप गराएको खुलासा भएको छ।

जिल्लाको देवाही गोनाही नगरपालिका-७ प्रेमपुर गोनाहीका ७२ वर्षीय विष्णु पासवानलाई अज्ञात समूहले केही दिनअघि अपहरण गरी कागजमा सहीछाप गराएको खुलासा भएको छ।

पीडित पासवानले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी अपहरणबारे जानकारी गराएका छन्।

गत चैत १२ गते बेलुका करीब साढे ७ बजेको समयमा गोनाही बजारबाट आफ्नो घर फर्किरहेका पासवानलाई प्रेमपुर गोनाही र देवाही बजारको बीचमा चार जनाको समूहमा मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरुको समूहले कुटपिट गर्दै गुण्डा शैलीमा अपहरण गरी गाउँ नजिकै रहेको लालबकैया नदीको किनारमा लगेका थिए।

साइकलमा सवार आफूलाई ती समूहले मुख थुनेर मोटरसाइकलमा बसाएर लालबकैया नदीको किनारमा लगेको र सादा बसहा कागजमा सहीछाप गराएको पीडित पासवानले बताए।

सहीछाप गराएपछि उनीहरु आफूलाई नदी किनारमै छोडेर भागेको बताउँदै उनले सहीछाप गराउने समूह मध्येका आफू कसैलाई पनि चिन्न नसकेको बताए।

घटना भएको भोलिपल्ट नै आफूले घटनाबारे प्रहरीलाई खबर गरिसकेको र प्रहरीले यस सम्बन्धमा अनुसन्धान गरिरहेको समेत उनले बताए।

पीडित पासवानको तीन जना छोरीहरु छन् । उनको नाममा १२ कठ्ठा जग्गा रहेको छ। पासवानलाई छोरा नरहेको हुँदा उनको नाममा रहेको सबै जग्गा जमिन हत्याउने उद्देश्यले अपहरण गर्ने समूहले उनीसंग कपाली कागजमा सहीछाप गराएको हुन सक्ने आशंका गरिएको छ।

आफूलाई छोरा नभएकोले आफ्ना सबै सम्पत्ति हत्याउनका लागि अपहरण गर्ने समूहले कपाली कागजमा सहीछाप गराएको हुनसक्ने आशंका रहेको पीडित पासवानले व्यक्त गरे। ती अपहरणकारीको समूहले आफूसंग लाखौंको फर्जी कपाली कागज गराएको हुन सक्ने र पछि आफ्ना जग्गा जमिन रोक्का गराइ कब्जा गर्न सक्ने भएकोले ती अपहरणकारीलाई खोजबीन गरी कपाली कागज बदर गरी आफूलाई न्याय दिलाउन उनले सम्बन्धित निकायसंग गुहार गरेका छन्।

पासवानलाई ऋण दिएको भनी कपाली कागज गराएको हुनसक्ने आशंका गरिएको छ । उनीहरुले गराएको सोही कपाली कागजको आधारमा पछि जिल्ला अदालत गौरमा मुद्दा दिएर पासवानको जमिन रोक्का गराउन सक्ने र पछि कब्जा गर्नसक्ने आशंका छ।

यो भन्दाअघि आफू कसैसंग एक रुपैया पनि ऋण नलिएको प्रष्ट पार्दै पासवानले यदि आफू कर्जा लिएको भनी कसैले कपाली कागज पेश गरी मुद्दा दिएमा सो तमसुक झुटो साबित हुनुपर्ने र त्यस्ता कपाली कागज पेश गर्ने व्यक्तिलाई अपराधी घोष्णा गरी कडा कारबाही गर्नुपर्ने माग उनले गरेका छन्।

# सुब्बा गुप्तामाथि विशेषमा सातौं मुद्दा

टुडे समाचारदाता




काठमाण्डु । मालपोत कार्यालय पर्साका नायब सुब्बा मदनप्रसाद गुप्तामाथि विशेष अदालतमा मंगलबार भ्रष्टाचार सम्बन्धी सातौं मुद्दा दर्ता भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय पर्साका तत्कालीन चार कर्मचारीविरुद्ध मंगलबार राजस्व हिनामिनाको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। जसमा २०७२/०७३ मा मालपोत कार्यालय पर्साको प्रमुख रहेका प्रकाशप्रसाद पोखरेल, गमबहादुर विश्वकर्मा, नायब सुब्बा मदनप्रसाद गुप्ता र लेखापाल नागेन्द्रप्रसाद चौधरी रहेका छन्। यीमध्ये नायब सुब्बा मदनप्रसाद गुप्ता विरुद्धको यो मुद्दा सातौं हो।

मंगलबार अख्तियारले गुप्ता विरुद्ध ९५ लाख ८ हजार रुपैयाँ २४ रुपैयाँ भ्रष्टाचार गरेको आरोपसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनीविरुद्ध अरु ६ वटा मुद्दा विशेष अदालतमा विचाराधीन छन्। पछिल्लो ३ वर्षमा दायर भएका यी सबै मुद्दामा उनले गरेको भ्रष्टाचार रकम २३ करोड ७३ लाख रुपैयाँ पुग्छ।

अख्तियारको आरोपपत्र अनुसार, जग्गाको लिखत रजिष्ट्रेसन पारितका क्रममा ग्राहकले तिर्ने राजस्वको रकम र विस्तृत विवरण लेखा शाखामा नबुझाइ उनले हिनामिना गरेका थिए । त्यही आरोपमा अख्तियारले उनीमाथि आर्थिक वर्ष २०७२-७३ मा राजस्व हिनामिना गरेको आरोपमा ९५ लाख ८ हजार बिगो र त्यसको दोब्बर रकम जरिवाना माग दाबी गरेको छ।

अख्तियारले यसअघि गुप्ता विरुद्ध ७ असोजमा मुद्दा दायर गरेको थियो । मालपोत कार्यालय, पर्सामा हुँदा करीब साढे १२ लाख रुपैयाँ हिनामिना गरेको आरोप उनीमाथि थियो । अख्तियारका अनुसार १९ माघ २०६९ देखि आठ दिनको अवधिमा संकलन भएको १४ लाख रुपैयाँ राजस्वमध्ये उनले एक लाख ६२ हजार रुपैयाँ मात्रै लेखा शाखामा बुझाइ अरु रकम हिनामिना गरेका थिए।

त्यतिबेला उनीमाथि उठाएको राजस्व प्रचलित कानून बमोजिम दाखिला नगरी हिनामिना गरेको आरोप थियो । अर्का कर्मचारीमाथि दुई किसिमको अभिलेख खडा गरी सरकारी कागजात गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गरेर भ्रष्टाचार गरेको आरोप थियो।

अख्तियारले गुप्ता विरुद्ध १ जेठ २०७६ मा दुई वटा भ्रष्टाचार मुद्दा चलायो। एउटामा भ्रष्टाचार भएको रकम उल्लेख छैन भने अर्कोमा २ करोड ५० लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोप छ। ३ जेठ २०७६ मा दायर अर्को मुद्दामा ४ करोड ५८ लाख भ्रष्टाचार भएको दाबी छ भने २ मंसिर २०७६ मा ७७ लाख ८६ हजार भ्रष्टाचार गरेको दावी छ। ११ मंसिर २०७६ मा गुप्ता विरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा चलेको हो। अख्तियारले उनीमाथि १४ करोड ८१ लाख रुपैयाँ गैरकानूनी आर्जन गरेको दाबी गरेको छ।

२०७६ जेठमा भ्रष्टाचार मुद्दा लाग्नुअघिसम्म सरकारी सेवामा रहेका गुप्ताले २९ वर्षको अवधिमा १९ करोड ३६ लाख रुपैया आर्जन गरेका थिए। अख्तियारले विशेष अदालतमा पेश गरेको आरोपपत्रमा उनले ४ करोड ५४ लाख रुपैयाँमात्रै कानुनसम्मत रुपमा कमाएको दाबी छ। बाँकी सबै रकम भ्रष्टाचारबाट आर्जन गरेको भन्दै अख्तियारले उनीमाथि मुद्दा चलाएको हो । उनले यो अवधिमा करिब २८ लाख रुपैयाँमात्रै तलब बुझेका थिए।

अख्तियारका अनुसार उनले मालपोत र बैंकको नक्कली रसिद प्याड छपाउथे र त्यही कागजात पेश गरेर राजस्व दाखिला भएको फाइल तयार गर्थे । सेवाग्राहीले तिर्ने रकम भने उनले दुरुपयोग गर्थे। करीव एक वर्षको अवधिमा छानबिन गर्दा नै उनी सहितको टोलीले करिव ५/७ करोड रुपैयाँ हिनामिना गरेको थियो।

गुप्ताको योजनामा मतियार बनेको आरोपमा अख्तियारले मालपोत मात्रै नभइ जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालय र लेखापरीक्षण गर्ने कर्मचारी विरुद्ध समेत भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

नासु गुप्ता मालपोत कार्यालय कलैयामा हुँदा भ्रष्टाचारको प्रमाण नष्ट गर्न महत्वपूर्ण कागजात फालेको भेटिएको थियो। पछि उनका सवारी चालक सुनिल कुमार पटेलको डेराबाट कागजात बरामद भएको थियो। सिमरा मालपोत कार्यालयमा हुँदा उनीमाथि ४ करोड ५८ लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको थियो।

२७ असार २०४७ मा मालपोत कार्यालय मुस्ताङबाट खरिदारको रुपमा जागिर सुरु गरेका गुप्ता २०६४ मा नासुमा बढुवा भएका हुन्। पछिल्लो समय उनी बाराको सिमरास्थित मालपोत कार्यालयको निमित्त प्रमुख थिए। अख्तियारको दाबी अनुसार, उनका कारण मात्रै करिब ८ करोड रुपैयाँको राजस्व छली भएको छ।

गुप्ताको काठमाण्डुको सुन्धारा र कलंकीमा घर छ। वीरगञ्जमा दुईवटा घर छन्। सर्लाही लगायतका जिल्लामा उनको सम्पत्ति भेटिएको थियो। विभिन्न जिल्लामा ६ वडा घर कम्पाउण्ड भेटिएको छ।

सम्पत्ति लुकाएको आरोपमा अख्तियारले उनका कार्यालय सहयोगीका सासु विरुद्ध समेत भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनले भ्रष्टाचारको रकम जम्मा गर्न लेखाका कर्मचारी युगलकिशोर ठाकुरसँग मिलेर छुट्टै संयुक्त खाता खोलेका थिए।

# हरवा चरवा अधिकार माग्दै जनकपुरधाममा

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेशका हरवा चरवाहरु अधिकार माग्दै जनकपुरधाम आइपुगेका छन्। मंगलबार पुनः स्थापनाको लागि हरवा चरवा अधिकार यात्रा जनकपुरधाम आइपुगेकोछ । यही चैत २५ गतेदेखि न्यायिक पुनःस्थापनाको माग गर्दै पर्सा र सप्तरीबाट एकसाथ शुरु गरिएको थियो।

६ बुँदे मागसहित उनीहरु जनकपुरधाम आएका छन् । बुधवार जनकपुरधाममा हरवा चरवा अधिकार यात्राको समीक्षा गर्दै काठमाण्डु केन्द्रित योजना निर्माण गर्ने छन्।

गत साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा हरवा चरवा प्रथा मुक्त भएको घोषणा गरेका थिए। तर कार्यान्वयन नभएको उनीहरुको गुनासो छ। सो प्रथा मुक्त घोषणा भएको नौ महिना बिति सक्दासमेत कागजमै सीमित भएपछि उनीहरुले पुनः स्थापनाको माग गर्दै मधेश प्रदेशमा पाँच दिने अधिकार यात्राको शुरुवात गरेका थिए।

दुई समूहमा विभाजन गरी सप्तरीको राजविराजबाट शुरु भएको पहिलो समूहको सो यात्रा लहान, बस्तीपुर, गोलबजार, औरही, गणेशमान चारनाथ, शहीदनगर हुँदै मंगलबार जनकपुरधाम पुगेको छ।

यस्तै, वीरगन्जबाट निस्केको अर्को टोली पनि बहुदरमाई, जितपुर, कलैया, करैयामाई, कोल्भी, बलचनपुर, गरुडा, गौर, मलंगवा, ब्रह्मपुरी, जलेश्वर हुँदै जनकपुरधाम आइपुगेको राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले जानकारी दिए । दास प्रथाबाट मुक्त हुन राजविराज र वीरगञ्जबाट शुरु गरिएको पैदल अधिकार यात्रा जनकपुरधाममा आइपुगेको छ । बुधबार समीक्षा र आगामी रणनीति बनाएर यात्रा सम्पन्न हुनेछ ।

यात्राका लागि राष्ट्रिय दलित नेटवर्क र राष्ट्रिय हरवा चरवा अधिकार मंचले नेतृत्व गरेको थियो। उक्त संस्थाले सहयोग तथा ऐक्यबद्धताको लागि अनुरोध गरेका छन्। पुनःस्थापना हाम्रो सरोकार, भूमि शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार उनीहरुको नारा छ। हरवा चरवाको जीविको पार्जनको लागि कम्तीमा दश कठ्ठा जग्गा सरकारले उपलब्ध गराउनु पर्ने उनीहरुको माग छ। सीपमूलक तालिम, एक लाख बीउ पूँजी र आवश्यक औजार पनि दिनुपर्ने उनीहरुले माग अघि सारेका छन्।

# कोरोना संक्रमित एकको मृत्यु

टुडे समाचारदाता

काठमाण्डु । कोरोना भाइरस सङ्क्रमित एक जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार मंगलबार दुई हजार चार सय ३६ जनामा गरिएको परीक्षणमा एक सय छ जनामा सङ्क्रमण देखिएको छ।

यस्तै, मंगलबारे ४८ जना उपचारपछि घर फर्किएका छन्। मन्त्रालयले अझै केही दिनसम्म सङ्क्रमण बढ्ने देखिएको जनाएको छ। हाल सक्रिय सङ्क्रमितको संख्या चार सय ६९ पुगेको छ। काठमाण्डु उपत्यकामा २४ जना आइसोलेसन, १२ जना सघन उपचार कक्ष (आइसियु) मा र पाँचजना भेन्टिलेटरमा उपचाररत छन्।

नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि. १.१६ देखा परेको छ।

# म्याच जितेर काठमाण्डु प्रतियोगिता बाहिर

टुडे समाचारदाता



जनकपुरधाम । जनकपुरधाममा जारी मेयर कप टी-२० क्रिकेट प्रतियोगितामा काठमाण्डु टिम बाहिर भएका छन्। मंगलबार काठमाण्डु पोखरासँग दुई विकेटले जितेर पनि रन रेटको आधारमा प्रतियोगिताबाट बाहिर भएको छ।

यस अघि सोमबार काठमाण्डु पाँच रनले सप्तरीसँग पराजित भएको थियो। मंगलबारको खेलमा पोखरा र काठमाण्डुबीच रोमाञ्चक प्रतिस्पर्धा भएको थियो । अन्तिम बलमा काठमाण्डुले लक्ष्य पूरा गरेको थियो।

टस जितेर पोखराले ब्याटिङ रोजेको थियो । पोखराले १९ ओभर एक बलमा सबै विकेट गुमाएर एक सय १९ रनको लक्ष्य काठमाण्डु समक्ष प्रस्तुत गरेका थियो । पोखराका लागि किरण पौडेलले सर्वाधिक २२ बलमा २९ र सन्दिप खत्रीले ११ बलमा १९ रन बनाए । काठमाण्डुका लागि बलिङ गरेका गजेन्द्र बोहराले तीन, इशान पाण्डेले दुई र मोहमद हुसैनले दुई विकेट लिए।

जवाफी ब्याटिङमा आएका काठमाण्डु टिमको शुरुवात राम्रो भए पनि पछि कमजोर देखिएको थियो। काठमाण्डुका लागि गजेन्द्र बोहराले उत्कृष्ट ब्याटिङ गर्दै ३१ बलमा ६३ रन र इशान पाण्डले २८ बलमा २० रनको योगदान दिए। पोखराका लागि बलिङ गरेका कमल थापाले तीन, नितेश गिरिले दुई र सुवास भण्डारीले एक विकेट लिएका थिए । यस खेलको म्यान अफ दी म्याच पोखराका गजेन्द्र बोहरा घोषित भएका थिए। बुधबार बिहान सप्तरी र पोखराबीच सेमिफाइनलमा पुन प्रतिस्पर्धा हुँदै छ।

यस्तै, मंगलबार भएको पहिलो खेलमा ५६ रनले पर्सालाई हराउँदै विराटनगर सेमिफाइनलको यात्रा तय गरेको छ । टस जितेर विराटनगरले ब्याटिङ रोजेको थियो । विराटनगरका खेलाडीहरु निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय १४ रनको लक्ष्य पर्सा समक्ष प्रस्तुत गरेको थियो । विराटनगरका लागि मुकुन्द यादवले सर्वाधिक नटआउट १६ बलमा २३ रन र फिरदोस अन्सारीले २९ बलमा १७ रन बनाएका थिए । पर्साको तर्फबाट बलिङ गरेका रासिद खान, नसरुद्दिन अन्सारी र रञ्जित कुमारले दुई/दुई विकेट लिएका थिए।

एक सय १४ रनको लक्ष्य पच्छ्याउँदै जवाफी ब्याटिङ गरेका पर्साले १४ ओभर चार बलमा सबै विकेट गुमाएर मात्र ५७ रन बनाउन सकेका थिए । पर्साका लागि इमरान शेखले १२ बलमा २२ रन बनाए पनि यस टिमका अन्य ब्याट्स म्यानले दोहोरो अंकमा रन बनाउन सकेन् । विराटनगरका लागि बलिङ गरेका दिपेश कंडेलले चार र फिरदोस अन्सारीले तीन विकेट लिएका थिए । यस खेलको म्यान अफ दी म्याच विराटनगरका फिरदोस अन्सारी घोषित भएका छन्।

प्रतियोगितामा १२ वटा टिम सहभागी भएका छन् । जसमध्ये धनुषा, बारा र विराटनगर सेमिफाइनलमा पुगिसकेका छन्। सबै टिमलाई चार वटा समूहमा विभाजन गरिएको छ। जानकी समूहबाट महोत्तरी र सिरहा पराजित भएर घर फर्किसकेका छन् भने वैदेही समूहबाट रौतहट र हेटौंडा पराजित भएर प्रतियोगिताबाट आउट भइसकेका छन्। भूमिजा समूहबाट सर्लाही र पर्सा पनि प्रतियोगिताबाट बाहिर भइसकेको छ।

मिथिला समूहबाट सेमिफाइनलमा पुन बुधबार बिहान सप्तरी र पोखराबीच प्रतिस्पर्धा हुनेछ। सप्तरीले एउटा खेल जितेको छ भने पोखरा पराजित भएको छ । मिथिला समूहमा काठमाण्डु, सप्तरी र पोखरा छन् । वैदेही समूहमा हेटौंडा, बारा र रौतहट टिम छन् भने भूमिजा समूहमा विराटनगर, सर्लाही र पर्सा क्रिकेट टिम परेका छन् । प्रतियोगिताको फाइनल खेल बैशाख १ गते गराउने आयोजक संस्थाको तयारी छ । प्रतियोगिता विजेता टिमलाई नगद अढाइ लाख र उपविजेतालाई डेढ लाखसहित कप र प्रमाणपत्र दिइने जनाइएको छ।

# अवैध सामान बरामद

टुडे समाचारदाता

जलेश्वर । महोत्तरी प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छली गरी नेपाल ल्याइएको करिब ५० हजारको सामान बरामद गरेको छ।

मिबार राति १० बजेको समयमा जिल्लाको पिपरा गाउँपालिका-४ सो सामानहरु बरामद गरेको छ।

प्रहरीले सामान बरामद गरे पनि भरिया भने फरार भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

बरामद गरिएको सामानहरु ४८ हजार भन्दा बढी मूल्यको रहेको जनाइएको छ।
बरामद सामानहरु आवश्यक कारबाहीका लागि भन्सार कार्यालय मलिवाडामा बुझाइने बताइएको छ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - २ (दुई) जना

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८

CamScanner